स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका अस्मिता अधिकारी र गायक महेश काफलेको संयुक्त सांगीतिक कार्यक्रम 'सोलफुल यु.एस.ए यात्रा' घोषणा भएको छ। उक्त सांगीतिक टुर सन् २०२५ को अगस्टदेखि अक्टोबरसम्म संयुक्त राज्य अमेरिकाका २० भन्दा बढी विभिन्न सहरहरूमा आयोजना हुनेछ। मंगलबार आयोजित पत्रकार भेटघाटमा उक्त जानकारी दिइएको हो।

**आजको विचार...**



विजय सिंह

मधेशमा... (दुई पेजमा)

(दुई पेजमा)



अभिनेता सौगात मल्ल र अभिनेत्री बेनिशा हमालले फिल्म 'भ्यानाकुटी'मा पहिलो पटक सहकार्य गरेका थिए। यसमा दम्पतीको भूमिका निभाएका उनीहरूको जोडीलाई दर्शकले निकै रुचाए। अब ७ वर्षपछि यो जोडीले यही साउन २३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'सिटामोल'मा काम गरेका छन्। संयोग के छ भने यसमा पनि उनीहरु श्रीमान-श्रीमती भएर देखिएका छन्।'भ्यानाकुटी २' समेत भनिरहेका छन्।

❒ वर्ष ३१ ❒ अंक १४ ❒ २०८२ साउन १४ गते बुधबार 30 July 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रुसी हमलामा २० को मृत्यु

(रासस/एएफपी)

**किएभ,** साउन १३/युक्रेनमा रुसी हमलामा कम्तीमा २० जनाको मृत्यु र ४० जनाभन्दा बढी घाइते भएको क्षेत्रीय अधिकारीहरूले मंगलबार बताएका छन् । सैन्य प्रशासनका प्रमुख इभान फेडोरोभका अनुसार रूसले जापोरिझिया क्षेत्रमा जेल लक्षित आक्रमण गरेको थियो । '१६ जनाको मृत्यु भएको छ, ३५ जना घाइते भएका छन्', परिसर ध्वस्त भएको र नजिकैका घरहरू क्षतिग्रस्त भएको उल्लेख गर्दै उनले टेलिग्राममा भने । काम्यान्स्के सहरमा भएको क्षेप्यास्त्र आक्रमणमा दुई जनाको मृत्यु भएको, पाँच जना घाइते भएको र अस्पताललाई क्षति पुगेको क्षेत्रीय सैन्य प्रशासनका प्रमुख सेर्गी लिसाकले बताए । यस क्षेत्रको सिनेनिकिभ्स्की जिल्लामा भएको आक्रमणमा अर्को एक व्यक्तिको मृत्यु भएको र धेरै घाइते भएको पनि उनले जानकारी दिए । दक्षिणी रुसमा युक्रेनी ड्रोन हमलामा एक जनाको मृत्यु भएको यस क्षेत्रका कार्यवाहक गभर्नरले मंगलबार बताएका छन् । सन् २०२२ मा आक्रमण सुरु भएदेखि नै धेरै हदसम्म छुट्याइएका क्षेत्रहरूमा नयाँ प्रगति गरेको रुसको ग्रीष्म आक्रमणलाई हटाउन किएभले प्रयास गरिरहेको छ । सप्ताहन्तमा रूसी सेनाले यस क्षेत्रको पहिलो गाउँ कब्जा गरेको केही हप्तापछि आफ्नो सेनाले बताएको थियो ।

# लाखे नाच जोगाउन कस्सिए युवापुस्ता

*हराउँदै गएको लाखे नाचको संरक्षणमा पाल्पाली नाट्य कला सांस्कृति समूहमा आवद्ध युवाहरु जुटेका छन् । घण्टाकर्णदेखि सुरु भई कृष्ण जन्माष्टमीसम्म हरेक दिन सदरमुकाम तानसेन बजारमा लाखे नाच देखाउन सुरु गरिएको छ ।*


**रामचन्द्र रायमाझी**



**तानसेन (पाल्पा),** साउन १३/ नेपालको मौलिक लाखे नाचको संरक्षणमा तानसेनका युवाहरुले सक्रियता देखाउन थालेका छन् । नेवार समुदायले बेवास्ता गरेको लाखे नाच पछिल्ला वर्षमा हराउँदै जान थालेको थियो । जात्रा र विशेष अवसरमा यो समुदायले प्रदर्शन गर्दै आएको लाखे नाच खर्चिलो भएको बताउँदै प्रदर्शन हुन छाडेको थियो । लाखे नाच्न जान्ने र नयाँ पुस्ताले यसलाई महत्व नदिँदा हराउँदै गएको स्थानीयहरू बताउँछन् । हराउँदै गएको लाखे नाचको संरक्षणमा पाल्पाली नाट्य कला सांस्कृति समूहमा आवद्ध युवाहरु जुटेका छन् ।

घण्टाकर्णदेखि सुरु भई कृष्ण जन्माष्टमीसम्म हरेक दिन सदरमुकाम तानसेन बजारमा लाखे नाच देखाउन सुरु गरिएको समूहका अध्यक्ष किरण चित्रकारले बताए । "पहिला गाउँ गाउँसम्म लाखे नाच देख्न पाइन्थ्यो । पछिल्ला वर्षमा सदरमुकाममा लाखे देख्न मुस्किल भएपछि लोप हुन लागेको छ", उनले भने, "यसको संरक्षण गर्न हरेक वर्ष यसरी लाखे नाच गर्दै आएका छौँ । अरूले सहयोग गर्लान् भनेर नभई हामी रहेसम्म लाखे नाच हराउन दिन्नौँ ।" यहाँका युवाहरुले घण्टाकर्णकदेखि भगवती जात्रा (कष्ण जन्माष्टमी) को दिनसम्म हरेक दिन लाखे प्रदर्शन गर्ने गर्छन् । "बाबु बाजेको परम्परा विर्सिन थाल्यौं, त्यही भएर आफ्नो संस्कृति संरक्षणमा लागेका हौँ", समहूका अध्यक्ष चित्रकारले भने, "लाखे नाच विस्तारै लोप हुँदै जान थालेको छ ।" अभियानस्वरुप युवाहरु लाखे जात्रामा ढोल र झ्याम्टा बजाएर आफ्नो जातिको संस्कृति र रीतिरिवाज प्रदर्शन गरिरहेका छन् । "अरु समुदाय माझ नेवारी संस्कृति एकदमै लोकप्रिय छ, तर नेवार समुदायले नै संरक्षण गर्न सकिरहेका छैनौँ", उनले भने । लाखे संरक्षणमा अन्य जातजातीले पनि उनीहरुलाई सहयोग गरेका छन् । लाखे नाचले नयाँ तथा पुराना पुस्तालाई आकर्षित गरेको छ । तानसेनको बसपार्क, हुलाकचोक, टक्सार, शीतलपाटी, नारायणस्थान, असनटोल, वसन्तपुरलगायतका स्थानमा लाखे नाच देखाइने योजना रहेको समूहका अध्यक्ष चित्रकारले बताए । नेवार समुदायको मौलिकता झल्किने कतिपय पुराना संस्कृतिहरु लोप हुन थालेको नेवार समुदायका अगुवा राजेन्द्र गोपाल सिंह बताउन्छन् । उनी भन्छन् "पाका पुस्ताबाट नयाँ पुस्तामा कलासंस्कृति हस्तान्तरण नहुँदा पहिचान नै लोप हुने अवस्थामा पुग्न थालेका छन् ।" केही दशकअधिसम्म नेवार समुदायमा मात्र प्रचलित लाखे नाच नयाँ पुस्तामा हस्तान्तरण गर्न आवश्यक रहेको सिंहको भनाई छ । उनले भने, "अहिले तानसेनमा नेवारसहित अन्य समुदायको बसोबास रहेको छ, यसको संरक्षण गर्न इच्छुकलाई सिकाउन आवश्यक छ ।" पछिल्लो समय बजारका केही युवाहरुले कलासंस्कृतिको संरक्षणमा चासो देखाउन थालेकाले आशा जागेको सिंहको भनाई छ । काठमाडौँ उपत्यकामा प्रचलित लाखे नाच पाल्पासहित अन्य स्थानमा पनि विस्तार हुने क्रममा छ । तानसेनसहित नेवार बस्ती भएका रामपुर, सराई, हार्थोक, आर्यभन्ज्याङमा पनि लाखेनाच नाचिने परम्परा रहेको छ । मुखमा डरलाग्दो मुकुण्डो लगाएर दुईमध्ये एक जना लाखे र अर्को भुच्चा भएर नाचिने यो नाचमा लाखेले पछाडिपट्टि चौरी गाईको चमर र महिलाले लगाउने घाँघर, चोलो लगाउने गरेको पाइन्छ भने भुच्चाले पुरुष भेषमा पछाडिपट्टि मकैको पात वा कपडाको पुच्छर लगाउने गर्छन् ।

# घर–घरमा नाग टाँसियो



**पाल्पा,** साउन १३ /घर-घरमा नाग टाँसेर मंगलबार नागपञ्चमी पर्व मनाइएको छ । नागपञ्चमीमा घरको मूल ढोकामाथि नागको तस्बिर टाँसेमा नाग, सर्प, बिच्छीजस्ता जीवबाट वर्षभरि दु:ख नपाइने धार्मिक विश्वासका साथ नाग टाँगिएको हो ।

नाग पूजा गरेपछि खेतबारीमा खनजोत नगरी किसानहरु आराम गर्ने गर्दछन् । यस दिन खनजोत गरेमा नाग मारिन्छन् भन्ने ठानेर त्यसो गरिएको हो । नागका बाह्र नाम भए पनि आठ कूलका आठ वटा नागको पूजा गर्ने वैदिक सनातन कालदेखिको परम्परा छ । अनन्त, वासुकी, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट र शंख गरी आठ नागलाई ब्राहमण पुरोहितबाट पूजाआजा गरी घरको ढोकामाथि टाँसिन्छ । मंगलबार बिहानैदेखि देशभरका नागदह, कुण्ड, र नाग स्थानमा विशेष रुपमा पूजा गरी नागको सम्मानका साथ गाईको दूध, अक्षता, दुबो, खीर र रोटी लगायतका परिकार चढाइएको थियो । वैज्ञानिक रुपमा प्रकृतिमा भएका विषालु पदार्थलाई नाग, सर्पलगायतका जीवले शोषण गरी मानवलगायत अन्य जातिलाई विषालु पदार्थको प्रभाव पर्न नदिने अनुसन्धानबाट पुष्टि गरेपछि ऋषिमुनिले नागजातिको पूजाआजा गर्ने रीत बसालेको विश्वास छ । जलाशय पँधेरा, धारा कुवा, इनार लगायत पानीको मुहान स्रोतमा नागको बासस्थान रहने विश्वास रहिआएकाल यस दिन पानी पँधेरामा पनि कपासको नाग बनाई दूध चढाई पूजा गर्ने चलन पनि रहेको छ ।

# कागती बिक्री नहुँदा किसान समस्यामा



**घोराही (दाङ),** साउन १३/यहाँका किसान कागती बिक्री नहुँदा चिन्तित छन् । सहज रूपमा बजारीकरण नहुँदा धेरैजसो बारीमै कुहिएर खेर गइरहेको गढवा गाउँपालिका-८ कोइलावासमा किसान गोविन्द अधिकारी बताए । उनले विगत पाँच वर्षदेखि व्यावसायिक रूपमा यसको खेती गर्दै आएका छन् । भारतीय कागतीका कारण स्थानीयस्तरमा उत्पादित कागतीले बजार नपाएको उनको भनाइ छ । उनले भने, "स्वदेशमै केही गरौँ भन्ने लक्ष्यसहित लागेको छु, बजार नपाउँदा निराश भए पनि आँट मारिसकेको छैन ।"

पछिल्लो समय एक क्विन्टल कागती बारीमै कुहिएर खेर गएको उनको भनाइ छ । उमेरले २५ वर्ष पुगेका किसान अधिकारीको बारीमा एक सय ५० कागतीका बोट छन् । पछिल्लो समय सामाजिक सञ्जालमा बिक्रीमा समस्या भनेर राखेपछि काठमाडौँबाट माग आएकाले चार सय ९७ केजी उधारोमा पठाएको उनको भनाइ छ । ८० का दरले पठाएको उनी बताउन्छन् । आफ्नै गाउँठाउँमा व्यावसायिक रूपमा कागतीखेती गर्दै आएका उनले कागती बिक्रीका लागि बजार खोज्दै हिँड्नुपर्ने अवस्था रहेको बताए । उनले भने, "स्वदेशमै केही गरौँ भन्ने भावनासहित यो व्यवसायमा लागेको छु, बजार खोज्दै भौतारिनुपर्ने अवस्था आउँदा समस्या भइरहेको छ ।" उनले एक बिघा जग्गामा व्यावसायिक रूपमा कागतीको खेती गर्दै आएका छन् । किसान अधिकारीले यसबाट वार्षिक रूपमा रु दुई लाख ५० हजार बढी आम्दानी गर्दै आएका छन् । उनले कागतीसँगै आँप, लिच्ची, अमलालगायतको पनि खेती गर्दै आएका छन् । सुरुमा उनका तीन दाजुभाइ मिलेर कागतीखेती गरेका थिए । दाजु विक्रम अधिकारी भने हाल वैदेशिक रोजगारमा हुनुहुन्छ भने भाइ जीवनले उनलाई सहयोग गर्दै आएका छन् । यसका कारण व्यावसायिक रूपमा कागतीखेतीलाई निरन्तरता दिन केही सहज भएको उनको भनाइ छ ।

-रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मानव बेचबिखन गर्नेलाई कारवाही गरौं

आज जुलाई ३० अर्थात् अन्तर्राष्ट्रिय मानव बेचबिखन विरुद्ध दिवस हो । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने उद्देश्यका साथ २०६३ सालदेखि नेपालले सो दिवस मनाउन थालेको हो । हरेक वर्ष यो दिवस मनाउने गरिए पनि मानव बेचविखन भने रोकिएको छैन् । यो थप संस्थागत भएको महशुस भएको छ । विश्वमा नै मानव बेचविखनका स्वरुपहरु फरक भएका छन् । समाजमा गरिवी र मान्छेबिचको आर्थिक खाडल फराकिलो बन्दै गएपछि मानव बेचविखनको अवस्था अझ बढेको छ, फरक ढंगले आइरहेको छ । मानव बेचबिखन एउटा यस्तो अपराध हो जसले महिला, बालबालिका मात्र होइन वयश्क पुरुषहरुलाई समेत गलत कार्यहरुमा जवर्जस्ती संलग्न गराउने गरेको छ । मानव बेचबिखनको प्रवृति फेरिँदै गएको छ । महिला वा बालिकालाई वेश्यावृत्तिमा लगाउने, यौनदासी बनाउने वा मनोरञ्जन उद्योगमा लगाउने जस्ता कार्यलाई मात्र मानव बेचविखन मान्ने परिभाषा निकै पुरानो भइसकेको छ । कुनै पनि व्यक्तिको इच्छाविपरीत धम्कीको प्रयोग, जबर्जस्ती तथा धोकाद्वारा कुनै प्रकारको शोषण, घरेलु काम, मानव अङ्ग झिक्ने, बेश्यावृति वा अन्य प्रकारका यौन शोषण गरिन्छ भने त्यो नै मानव बेचबिखन तथा ओसारपसार हो ।

नेपालमा बर्षेनी मानब बेचविखनको अवस्था भयावह हुँदै गएको छ । यसको गतिविधिले नेपाली समाज आक्रन्त बनेको छ । मानव तस्करले छिमेकी भारतसँगै तेस्रो मुलुक लैजाने गरेका छन् । यस्ता अपराधिक क्रियाकलाप रोक्न प्रहरी युनिटदेखि अनेकौं एनजिओ, आइएनजिओ छरपष्ट देखिएका छन् तर, चेलीबेटी बेचिने क्रम भने बढेर गएको छ । विशेष गरी १८ देखि २४ वर्षसम्मका युवायुवती मानव बेचबिखनको उच्च जोखिममा रहेका छन् । विगतमा चेलीबेटी बेचविखन हुने गरेको पाइए पनि पछिल्लो समयमा मानव बेचबिखन नै हुन थालेको छ । यो अत्यन्त दुखको कुरा हो । यौन व्यवसाय, जोखिमपूर्ण घरेलु श्रम, होटल, डान्स रेष्टुरेण्टमा काम गराउन, लागुपदार्थ ओसारपसार र मानव अङ्ग बेचबिखन जस्ता कामका लागि मानव बेचविखन हुने गरेको छ । नेपालमा सरकारले मानव बेचबिखन तथा ओसार–पसार नियन्त्रण सम्बन्धी कानून ल्याए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा बेचबिखन नियन्त्रण हुन नसकेको हो । अवैध मार्गबाट अनेकौ बहानामा वेश्यावृत्तिका लागि नै चेलीबेटी बेचिनु कुनै पनि दृष्टिकोणले उचित मान्न सकिदैन । सीमा सुरक्षामा प्रभावकारी जाँच नहुनु कानुनको कार्यान्वयन नहुनु, कारवाही फितलो हुनु, कारवाही पनि पहुँचको आधारमा गरिनु जस्ता गलत प्रवृत्तिले गर्दा यो समस्या जटिल बन्दै गएको देखिन्छ । यस्ता गलत काम गर्नेहरुलाई कारवाहीको दायरामा ल्याउन जरुरी छ ।

### Opinion @ Social Network

सितैमा पाउने भनेको त दुस्मन मात्र हो
आफन्त कामाउन त पैसा कमाउनु पर्दो रहेछ ।
*सोनि थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Sunil.Pariyar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मधेशमा जल संकटको प्रमुख कारण नै चुरे विनाश हो



**विजय सिंह**

चुरे क्षेत्र मधेशको लागि आमा जस्तै हो । त्यहीं पानी पर्छ, रिचार्ज हुन्छ र त्यसले सिंचाइ तथा खानेपानीका लागि पानी प्रदान गर्छ । तर अहिले चुरेलाई मानिसहरूले जथाभावी उत्खनन, कटानी, आगजनी र चरिचरन गर्ने जस्ता कार्य गर्दै आएका छन्, जसका कारण चुरे क्षेत्रबाट पानी तलतिर रिचार्ज हुन पाएको छैन । रिचार्ज हुनका लागि चुरेको संरक्षण अनिवार्य छ । भारतीय सिमानादेखि चुरेसम्मको भूभागमा बाढीले पानीको प्रवाहलाई अवरुद्ध गरिदिएको छ । पहिले डुबानका कारण चुरे क्षेत्रको माटो बगाएर तल खेतमा थुप्रिने गर्थ्यो । तल होस् वा माथि, चुरेको संरक्षण सबैको दायित्व हो । हाल पानी तराईमा परेको छैन तर सिन्धुली र चुरे क्षेत्रमा भने अलिकति पानी परेको छ । त्यसैले 'पानी नै परेको छैन' भन्न मिल्दैन । त्यहाँ परेको पानीलाई तलतिर ल्याउन सके सिंचाइ तथा खानेपानीको समस्या समाधान गर्न सकिन्छ । अहिले देखिएको खानेपानीको हाहाकार अवस्था सधैं रहने होइन । सबै ठाउँमा समस्या पनि छैन । चुरे क्षेत्रको पानी संकलन गरेर तल ल्याउन सकिन्छ । साथै, अर्को विकल्प हो- डीप बोरिङ मार्फत सिंचाइ तथा खानेपानीको प्रबन्ध गर्नु । तर यो निकै खर्चिलो प्रक्रिया भएकाले व्यक्तिको हैसियतले गर्न सकिंदैन । यसमा सरकारको लगानी आवश्यक पर्छ । फेरि, यो तत्कालै हुने काम होइनह ८ देखि १० वर्ष लाग्न सक्छ । यद्यपि अहिलेसम्म मधेश प्रदेशमा डीप बोरिङ मार्फत पानी निकालिएको छैन, तर निकाल्ने हो भने तल प्रशस्त पानी छ । चुरे क्षेत्रमा अझै पनि पर्याप्त पानी छ, जुन जलेश्वरसम्म पनि बगेर जान्छ । उदाहरणको लागि, चीनको बेइजिङ वा भारतको राजस्थान जस्ता शहरमा वार्षिक ५-६ सय मिलिमिटर पानी पर्दा पनि व्यवस्थापन गरेर सबै ठाउँमा पानी पुऱ्याइएको छ । हाम्रो यहाँ त १५००-२००० मिलिमिटर पानी पर्दछ, तर पनि पानीको अभाव छ भने त्यसको प्रमुख कारण व्यवस्थापनको कमी नै हो । त्यसैले, चुरेको संरक्षण गर्न आवश्यक छ । चुरेबाट आएको पानी स्वाभाविक रूपमा तलतिर सर्छ, यदि त्यसलाई व्यवस्थापन गरेर संकलन गरियो भने मधेशमा सिंचाइ र खानेपानीको दीर्घकालीन समाधान सम्भव छ । सन् १९५४/५५ तिर तराई-मधेशमा मलेरियाको उन्मूलन कार्यक्रम लागू गरियो । मलेरिया नियन्त्रणसँगै पुनर्वास कार्यक्रम पनि शुरू भयो । त्यसबेलामा चितवन, नवलपरासी, हेटौंडा लगायतका वनजंगल फडानी गरेर बस्ती बसाल्ने काम नेपाल सरकारले गऱ्यो, जुन चुरे क्षेत्रको क्षयको सुरुआत थियो । त्यसपछि करिब ३० वर्षअघि पूर्व-पश्चिम राजमार्ग निर्माण गरिंदा पनि जंगल फडानी गरेरै बाटो बनाइयो । त्यसपछि पहाडी जिल्ला तथा अन्य स्थानबाट मानिसहरू सरेर त्यही क्षेत्रमा बस्न थाले । अहिले राजमार्ग वरिपरि ठूल्ठूला बस्ती बनेका छन्, जुन ३० वर्षअघिसम्म थिएनन् । चुरे विनाशको अर्को प्रमुख कारण डोजर र क्रसर उद्योग हो । पछिल्ला १०-१५ वर्षमा यस्ता भारी उपकरणहरूले चुरे क्षेत्रमा जथाभावी उत्खनन गरेका छन् । एकै ठाउँमा ५०-५० फिटसम्म गहिरो खनेर बालुवा र गिट्टी निकाल्ने काम भएको छ । उत्खननका लागि तोकिएको मापदण्ड विपरित गतिविधि हुँदा चुरेमा रहेको पानीको सतही तह भाँचिएको छ, जसका कारण पानी जमिनको भित्री भागमा फैलिन सकेको छैन । चुरे दोहनको अर्को कारण स्थानीय तहको संरचनात्मक परिवर्तनसँग जोडिएको छ । जबदेखि स्थानीय सरकारहरू गठन भए, तबदेखि खोलामा बालुवा-गिट्टीको ठेक्का लगाउने काम शुरू भयो । ठेकेदारहरूले डोजर लगाएर चुरे क्षेत्रका खोलाहरूमा जथाभावी उत्खनन गरे । यसले चुरे क्षेत्रलाई थप क्षति पुऱ्यायो । चुरे विनाशको मुख्य कारणमध्ये यिनै हुन् डोजर-क्रसर उद्योग, मापदण्ड विपरीत गहिरो उत्खनन, सतही जलस्रोतको विघटन र स्थानीय तह मार्फत 'अनकन्ट्रोल' ठेक्का प्रणाली ।

> *मलेरिया नियन्त्रणसँगै पुनर्वास कार्यक्रम पनि शुरू भयो । त्यसबेलामा चितवन, नवलपरासी, हेटौंडा लगायतका वनजंगल फडानी गरेर बस्ती बसाल्ने काम नेपाल सरकारले गऱ्यो, जुन चुरे क्षेत्रको क्षयको सुरुआत थियो । त्यसपछि करिब ३० वर्षअघि पूर्व-पश्चिम राजमार्ग निर्माण गरिंदा पनि जंगल फडानी गरेरै बाटो बनाइयो । त्यसपछि पहाडी जिल्ला तथा अन्य स्थानबाट मानिसहरू सरेर त्यही क्षेत्रमा बस्न थाले । अहिले राजमार्ग वरिपरि ठूल्ठूला बस्ती बनेका छन्, जुन ३० वर्षअघिसम्म थिएनन् । चुरे विनाशको अर्को प्रमुख कारण डोजर र क्रसर उद्योग हो । पछिल्ला १०-१५ वर्षमा यस्ता भारी उपकरणहरूले चुरे क्षेत्रमा जथाभावी उत्खनन गरेका छन् । एकै ठाउँमा ५०-५० फिटसम्म गहिरो खनेर बालुवा र गिट्टी निकाल्ने काम भएको छ । उत्खननका लागि तोकिएको मापदण्ड विपरित गतिविधि हुँदा चुरेमा रहेको पानीको सतही तह भाँचिएको छ, जसका कारण पानी जमिनको भित्री भागमा फैलिन सकेको छैन । चुरे दोहनको अर्को कारण स्थानीय तहको संरचनात्मक परिवर्तनसँग जोडिएको छ । जबदेखि स्थानीय सरकारहरू गठन भए, तबदेखि खोलामा बालुवा-गिट्टीको ठेक्का लगाउने काम शूरू भयो । ठेकेदारहरूले डोजर लगाएर चुरे क्षेत्रका खोलाहरूमा जथाभावी उत्खनन गरे ।*

अन्य कारण जस्तै जथाभावी बाटो बनाउने, आगलागी, चरिचरन वा काठ कटानी यति गम्भीर छैनन्, ती तुलनात्मक रूपमा कम क्षतिकारक छन् । चुरे संरक्षित नहुने हो भने तराई-मधेश मरुभूमिमा रूपान्तरण हुन धेरै समय लाग्दैन । चुरेमा पानी पर्नु र जनकपुरधाममा पानी पर्नु फरक कुरा हो । उदाहरणका लागि, यदि जनकपुरमा १,१०० मि.मि. वर्षा हुन्छ भने चुरेमा त्योभन्दा बढी अर्थात् २,००० मि.मि. भन्दा बढी वर्षा हुन्छ । यसको कारण चुरे एक अग्लो डाँडा भएकाले हो । मनसुनको हावा जब चुरेको अग्लो डाँडामा ठोक्किन्छ, तब त्यो माथि उक्लिन्छ र चिसिएर वर्षाको रूपमा तल झर्छ । तर, तराई क्षेत्रमा त्यस्तो भौगोलिक संरचना छैन । त्यहाँ अग्लो भनिने भनेको रूख मात्रै हो, जसले त्यस्तो प्रभाव पार्न सक्दैन । यदि चुरेको डाँडा काटियो भने मधेशमा पानीको स्रोत समाप्त हुन्छ । खेतका लागि लालपुर्जा त हातमा हुनेछ, तर खेत नै खोलामा परिणत भइसकेको अवस्था आउनेछ । मधेशलाई जीवन्त राख्न चुरेको अस्तित्व अत्यन्तै आवश्यक छ । यद्यपि नेपाल सरकारले चुरे क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा गरेको छ, तर त्यसको कार्यान्वयन प्रभावकारी रूपमा हुनसकेको छैन । संरक्षणको घोषणा मात्रै पर्याप्त हुँदैन, त्यसको कडाइका साथ पालना र निगरानी अत्यावश्यक छ । जस्तो हाम्रो शरीरका आँखा, कान, मुटु, टाउको जस्ता अंगहरू संवेदनशील अंगहरू छन् त्यस्तै, चुरे पनि तराई-मधेशका लागि एक अत्यन्त संवेदनशील क्षेत्र हो । तर, यति संवेदनशील क्षेत्रको संरक्षण गर्नुको सट्टा स्थानीय तहहरूले उल्टै डोजर लगाएर जथाभावी चुरेको दोहन गरिरहेका छन् । मैले चुरे क्षेत्रका खोलानदीबाट बालुवा-गिट्टी निकाल्नुहुँदैन भनेको होइन, निकाल्नै पर्छ । तर त्यसको मापदण्ड हुनुपर्छ । कति निकाल्ने ? कहाँबाट निकाल्ने ? कति गहिरो खाल्डो खन्ने ? यस्ता विषयहरूमा स्थानीय तह वा सरकारी संयन्त्रबाट स्पष्ट नियमन हुन आवश्यक छ । यदि जथाभावी बालुवा-गिट्टी निकालियो भने लाखौं वर्षमा बनेको पानीको लेयर, च्यानल नष्ट हुन सक्छ । त्यसको असर स्वरूप अहिले जमिनमुनि रिचार्ज हुनै नसकिरहेको अवस्था आएको छ । चुरेमा वनजंगल लगाउनै पर्दैन भन्ने होइन, संरक्षण गर्नुपर्छ । वनजंगल लगाउँदा अझ राम्रो हुन्छ । चुरे क्षेत्रमा बास, बावी, सावे जस्ता बहुउपयोगी घाँसहरू प्रशस्त पाइन्छन्, जुन चुरेको रैथाने वनस्पति हुन् । यिनीहरू आफैं उम्रने वनस्पति हुन्, जसले चुरेको माटोलाई संरक्षण गरेर राख्छन् । तर अहिले अवस्था उल्टो छ– सबैले चुरेमा रहेका रूखबिरुवा काटिरहेका छन्, संरक्षण कसैले गरिरहेको छैन । यसबाहेक, मधेश प्रदेश सरकारले चुरे संरक्षण गर्नुको सट्टा आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा चुरे क्षेत्रबाट बालुवा-गिट्टी निकासी गर्ने नीति ल्याएको छ । अब भन्नुहोस्, सरकारले यस्ता नीति ल्याउँछ भने चुरे संरक्षण कसरी हुन्छ ? पैसा कमाउने नाममा मधेशको आमा सरहको चुरेलाई बेचेर त हुँदैन नि !

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : महत्वकांक्षी योजनाहरू पूरा हुनेछन्। राम्रो परिणाम आउनाले मन प्रसन्न रहनेछ। | **तुला** : अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। सामानको जिम्मेवारी स्वयं राखौं। |
| **वृष** : पहिला गरिएको कार्यबाट प्रशस्त लाभ मिल्नेछ। शुभचिन्तकहरूको साथ मिल्नेछ। | **वृश्चिक** : आफूभन्दा ठूलाको सहयोग मिल्नेछ।गुरुजनहरूबाट मार्गदर्शन मिल्नेछ। |
| **मिथुन** : शंका उब्जाए पनि परिवारबाट साथ मिल्नेछ। स्वास्थ्य सबल रहनेछ। | **धनु** : योजनाहरूलाई व्यवस्थित गर्नमा सफल भइनेछ। नयाँ अवसर मिल्नेछन्। |
| **कर्कट** : कार्य समयमा सम्पादन हुनेछ। व्यवसायमा सोचेजस्तो धनलाभ हुनेछ। | **मकर** : आय बढ्नाले मन प्रसन्न रहनेछ। मनमा परोपकारको भावना जागृत हुनेछ। |
| **सिंह** : जीवनशैलीमा सुधार ल्याउन सकिनेछ। कलाको क्षेत्रमा विशेष सफलता मिल्नेछ। | **कुम्भ** : आलस्य र कमजोरीको अनुभूति हुनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **कन्या** : रमाइलो जमघटको बीच स्वादिष्ट भोजनको प्राप्ति होला। दिन उत्तम रहनेछ। | **मीन** : काम बन्नमा समय लाग्नेछ। भविष्यका लागि विशेष कामको जग बसाउन सकिनेछ। |

## कला मनोरञ्जन

# एक्सन अवतारमा देखिन चाहेकी बेनिशा



अभिनेत्री बेनिशा हमाल यतिबेला आगामी दुई फिल्म 'सिटामोल' र 'मोहर'को प्रचारमा ब्यस्त छिन् । एकै दिनमा दुई फिल्म आउने भएपछि उनको ब्यस्तता निकै छ । यी दुवै फिल्म साउन २३ गतेदेखि प्रदर्शन तयारीमा छन् । फरक समयमा छायांकन भएका यी दुई फिल्म एकैसाथ रिलिज हुने भएपनि यसले आफू दबाबमा नभएको दावी उनले गरिन् । 'फिल्मको छायांकन फरक समयमा भएकोले एकैसाथ आउन लागे पनि मलाई खासै दबाब लागेको छैन,' उनले अनलाइनखबरसँगको कुराकानीमा भनिन्, 'प्रचारप्रसारको व्यस्ततालाई उनी अवसरको रूपमा लिन्छिन्, किनभने दुई फिल्मको सन्देश, शैली र आफ्नो भूमिकामा निकै फरक छन् ।' फिल्म 'सिटामोल'मा उनले एउटी गाउँकी साधारण केटीको भूमिका निर्वाह गरेकी छन् । यसको ट्रेलर हेर्दा पैसाको अभावले पारिवारिक सम्बन्धमा पर्ने असर र त्यसले निम्त्याउने मानसिक द्वन्द्वलाई उठान गरिएको देखिन्छ । बेनिशा भन्छिन्, 'फिल्म कत्तिको चल्छ भन्ने त दर्शकले नै बताउँछन्, तर म ढुक्क छु मेरा पात्रले सबैको मन छुनेछ ।' उनी दुवै फिल्मप्रति सकारात्मक छिन् । 'एउटा फिल्म चल्नु भनेको कलाकारको करिअरमा ठुलो कुरा हो, त्यही भएर मैले दुवै फिल्मबाट राम्रो अपेक्षा राखेकी छु', उनले भनिन् । उनको फिल्मी यात्रा अहिले १४ वर्ष पुगेको छ । दर्जनभन्दा बढी फिल्म र सयौं म्युजिक भिडियोमा काम गरेकी छन् । यस क्रममा उनले आफूमा धेरै परिवर्तन आएको अनुभव सुनाइन् । सुरुमा फिल्मको अफर आयो भने सोचविचार नगरिकन साइन गर्ने गरेको तर अहिले भने यो सोचमा परिवर्तन आएको उनी बताउँछिन् । 'अब म कुनै पनि फिल्म साइन गर्नुअघि कथा, पात्र, टिम र फाइनान्स सबै कुरा मिल्छ कि मिल्दैन भनेर हेर्छु,' उनले भनिन्, 'कति पटक त स्क्रिप्ट र टिम सबै मन परे पनि पारिश्रमिकमा कुरा नमिलेर फिल्म गरेकी छैन ।' भन्छिन्, 'यो यात्रामा मैले आफैँलाई धेरै परिपक्व बनाएकी छु । परिवारको साथ, सोच्ने तरिका र आत्मनिर्णयमा ठुलो फरक आएको छ ।' विगतका फिल्ममा उनले भिन्न खाले चरित्रमा आफूलाई प्रस्तुत गरिन् । अब भने उनको रुचि एक्सन फिल्मको पात्र तिर बढेको देखिन्छ । 'सानैदेखि मार्सल आर्ट्समा रुचि थियो,' उनले भनिन्, 'अब त्यो सीप पर्दामा देखाउने अवसर खोज्दैछु ।' पछिल्लो समय बेनिशा अभिनेत्री मात्र होइन, निर्माणमा पनि जुटेकी छन् । मंसिर १२ गतेदेखि प्रदर्शनमा आउने फिल्म 'द ब्लु लाइट'मा उनी कलाकार मात्र नभई कार्यकारी निर्माताको रूपमा पनि काम गरिरहेकी छन् । निर्माता भएर काम गर्दा फिल्मको अन्य पक्ष बुझ्न सजिलो हुने भएकोले आफू उत्साहित भएको उनी बताउँछिन् ।

'फिल्ममा अभिनय गर्दै जाँदा पछि गएर गर्ने काम भनेको त्यही नै हो, त्यसैले यो मेरो लागि अवसर पनि हो,' उनले भनिन् । बेनिशा अभिनय र निर्माणको यात्रालाई सम्पूर्ण सिकाइ र अनुभवको प्रक्रियाका रूपमा लिन्छिन् ।

*-अनलाइन खबर डटकम*

# 'ग्लोबल स्टार अवार्ड २०२५'मा सम्मान र अवार्ड प्रदान





दक्ष इन्टरनेशनलको आयोजनामा आयोजित 'ग्लोबल स्टार अवार्ड-२०२५' सम्पन्न भएको छ । नेपाल प्रहरी क्लबको ब्लु प्याभिलियनमा सम्पन्न उक्त समारोह वरिष्ठ मेकअप आर्टिष्ट तथा दक्ष इन्टरनेशनलका अध्यक्ष टेकराज पाण्डेको अध्यक्षतामा सम्पन्न भएको हो । कार्यक्रम दुई चरणमा सम्पन्न भएको थियो । पहिलो चरणको विशेष सम्मान समारोहमा नेपाली कांग्रेसका वरिष्ठ नेता एवं सांसद डा.चन्द्र भण्डारी प्रमुख अतिथि रहेका थिए । यस चरणमा समाजसेवा, शिक्षा, पत्रकारिता, स्वास्थ्य, साहित्य, पर्यटन, महिला सशक्तीकरणलगायत विभिन्न क्षेत्रमा योगदान गर्ने विशिष्ट व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो । मुख्य अवार्ड वितरण समारोहको प्रमुख अतिथि पूर्वप्रधानमन्त्री झलनाथ खनाल थिए । समारोहमा गीतसंगीत, सौन्दर्य, चलचित्र, अभिनय, निर्देशन, फेशन डिजाइन, सामाजिक सेवालगायत ४० विधामा योगदान गर्ने व्यक्तित्व तथा संस्थालाई 'ग्लोबल स्टार अवार्ड-२०२५' प्रदान गरिएको थियो । संगीतरत्न शम्भुजित बास्कोटा, अभिनेत्री सनी रौनियार, निर्देशक रमेश बुढाथोकी, अभिनेता रमेश उप्रेती, उत्तम केसी, प्राडा.बाबुराम गौतम, डा.सीता ढुंगाना, नेपाली सेनाका ब्रिगेडियर जनरल राजन अधिकारीलगायत विशिष्ट व्यक्तित्वको उपस्थिति रहेको कार्यक्रममा करिब एक दर्जन सांसद, कलाकार, व्यवसायी र समाजसेवीहरूको उल्लेखनीय सहभागिता थियो । कार्यक्रममा संगीत, साहित्य, पत्रकारिता, सौन्दर्यकला, उद्यमशीलता र सामाजिक सेवामा उल्लेखनीय योगदान पुऱ्याएका ४६ विशिष्ट व्यक्तित्वलाई सम्मान प्रदान गरिएको आयोजक संस्थाले जनाएको छ । वरिष्ठ गायक सीताराम पोखरेल र गायिका अञ्जु पन्तलाई नेपाली सांगीतिक यात्रामा पुऱ्याएको दीर्घ योगदानका लागि विशेष सम्मान प्रदान गरिएको थियो । त्यस्तै, गिनिज वर्ल्ड रेकर्डधारी कार्यक्रम व्यवस्थापक राजेन्द्र लुइटेल, सामाजिक अभियन्ता तथा अभिनेत्री शान्ता तामाङ, हास्यकलाकार गोपाल ढकाल 'छुन्दे'लगायतलाई पनि सम्मान प्रदान गरिएको थियो । सौन्दर्य सेवा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने अफशान नेवा 'हायु', सुनिता टण्डुकार, सरिता गुरुङ, शोभा कार्की, सीता तामाङ, अनु गुरुङलगायत ब्यूटिसियनहरूलाई सम्मान गरिएको थियो । समाजसेवी ईशा गुरुङ, शान्ता शर्मा, इभेन्ट निर्देशक निशु झा, पर्यटन व्यवसायी बालकृष्ण पोखरेल, उद्यमी सुवास श्रेष्ठ, बलराम कार्की, सन्दीप खनाल, सुनिल अर्याल, मन्दिरा सिटौलालगायतलाई पनि पुरस्कार प्रदान गरिएको थियो । समारोहमा धार्मिक सेवा क्षेत्रमा योगदान दिने विनोद कार्की 'मोहनिको महाराज', सरु पुन 'माता' र श्यामबहादुर महत 'हारती माता'लाई सम्मान गरिएको थियो । प्रवासबाट नेपाली सांस्कृतिक परिचय जगेर्ना गर्न सक्रिय हरि कर्माचार्य (अमेरिका), केशव आचार्य (दुबई)लगायतलाई 'प्रवासी प्रेरणा' सम्मान प्रदान गरिएको थियो । प्रियंका प्रसाईंको सञ्चालन गरेको कार्यक्रममा आनन्द कार्कीलाई सर्वाधिक लोकप्रिय गायक, एलिना चौहानलाई सर्वाधिक लोकप्रिय गायिका, रमेश शाहीलाई उत्कृष्ट उद्यमी (मिडिया एवं इभेन्ट), डिना गुरुङलाई अन्तर्राष्ट्रिय फेशन डिजाइनर, रीमा विश्वकर्मालाई लोकप्रिय महिला मोडल (म्युजिक भिडियो), रेशम सापकोटालाई दशककै उत्कृष्ट लोकगायक, भावना पन्तलाई प्रेरणादायी महिला पाइलट, चित्रकला पौडेललाई सौन्दर्य विशेषज्ञ-लुम्बिनी र रामप्रसाद खनाल (अमेरिका)लाई : लोकप्रिय लोकगायकको अवार्ड प्रदान गरिएको थियो । अध्यक्ष पाण्डेका अनुसार, समारोहको उद्देश्य नेपाली प्रतिभाको पहिचान, सम्मान र अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउनु रहेको छ । उनले यस्तो कार्यक्रमले समाजका श्रमिक, स्रष्टा र सेवकलाई ऊर्जा दिनेमात्र होइन, भावी पुस्तालाई पनि प्रेरणा दिने विश्वास व्यक्त गरे ।

*-इहिमालय टाइम्स डटकम*

# 'कोशेढुङ्गा'को 'नत्र भने जिन्दगी' गीत उच्च प्रशंसा

अचेल नेपाली फिल्ममा तीजको प्रसंग र तीज गीत विरलै समावेश हुने गरेको छ । पछिल्लो पटक फिल्म 'द सिक्रेट अफ राधा'मा तीज गीत 'पाउमा पाउजु' समावेश थियो, जुन निकै चर्चित भयो । यतिबेला भने फिल्म 'कोशेढङ्गा'को तीज गीत 'नत्र भने जिन्दगी' चर्चामा छ । रिलिजको साता दिनमै यो गीतले हिट हुने लक्षण देखाइसकेको छ । किनकि, टिकटकमा गीत भाइरल भइरहेको छ । ८ दिनमा गीतलाई युट्युबमा १२ लाखभन्दा बढी भ्यूज मिलेको छ भने फेसबुकमा ७० लाखभन्दा धेरैले हेरिसकेका छन् । त्यस्तै, टिकटकमा २० हजार बढी भिडियो बनिसकेको छ । यो गीतमा भिडियो बनाउने अधिकांश महिला देखिन्छन् । कति भिडियो लाखौं पटक समेत हेरिएका छन् । गीतमा टिकटक बनाउनेको संख्या दिनहुँ बढिरहँदा त्यसको प्रभाव युट्युब भ्यूजमा पनि देखिएको छ । निर्माण टिमले गीतप्रति दर्शकलाई आकर्षित गर्न एउटा प्रतियोगिता समेत घोषणा गरेको छ । आगामी भदौ ४ गतेसम्म समयसीमा तोकिएको प्रतियोगितामा भाग लिन ह्यास्ट्याग 'नत्र भने जिन्दगी व्यर्थ छ' राखेर टिकटक भिडियो बनाउनुपर्ने हुन्छ । त्यसरी बनेका भिडियोमध्ये केहीलाई पुरस्कृत गरिने जनाइएको छ । यसले गर्दा पनि 'कोशेढङ्गा'को



गीतमा टिकटक बनाउनेहरु बढिरहेका छन् । गीतमा नेत्र अर्यालको शब्द छ भने हुकलाइन खेम सेन्चुरीको छ । संगीत खेम सेन्चुरीले नै गरेका छन् । गीतमा स्वर खेम सेन्चुरीसँगै समीक्षा अधिकारी र दिपिका बयम्बु मगरको छ । तीजको सेटअपमा तयार पारिएको यो गीतले विवाहित र अविवाहितबीचको अन्तरलाई चित्रण गरेको छ । महिलाहरुले तीजका गीतमा कसरी आफ्नो बह पोखेर रमाइलो गर्छन् भन्ने यो गीतमा देखाइएको छ । आगामी भदौ १२ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा सरोज पौडेलको निर्देशन छ । उनी कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारंगी'का निर्देशक हुन् । फिल्ममा ऋचा शर्मा, सुरक्षा पन्त, आर्यन सिग्देल, मन्जिल कुमार, नीति शाह, प्रवीण खतिवडा, सरोज खनाल, हिउँवाला गौतम लगायतको अभिनय छ । नेपालसहित ४२ भन्दा धेरै देशमा यो फिल्म एकसाथ रिलिज हुने जनाइएको छ ।

*-फिल्मी खबर डटकम*

# 'सिटामोल'ले कर्णालीको समस्या देखाउँछ-निर्देशक साने



'सिटामोल' यही साउन २३ गतेदेखि प्रदर्शनमा आउने फिल्म हो । सौगात मल्ल र बेनिशा हमालको मुख्य भूमिका रहेको फिल्म कणालीको कथामा बनेको हो । फिल्मका निर्देशक राजबहादुर सानेले 'सिटामोल' कर्णाली क्षेत्रको गरिबी बेच्न नभई त्यहाँ व्याप्त समस्याहरूको समाधान खोज्न निर्माण भएको बताए । 'फिल्म मार्फत हामीले गरिबी बेच्न खोजेका होइनौं । समस्या देखाएर समाधान होस् भन्ने उद्देश्य राखेका हौं', निर्देशक सानेले भने 'म स्वयं जुम्लामा जन्मिएको हुँ । तेस्रो पुस्तासम्मको पीडादायी यथार्थ मैले देखेको छु, भोगेको छु । त्यही घटनाहरूमा फिल्म बनेको हो ।' अहिले धेरै कुरा सहज भए पनि कर्णाली अझै पनि विकट नै रहेको उनको धारणा छ । 'अघिल्लो पुस्तामा त नुन ल्याउन भेडाको सहारा लिनु पर्थ्यो । अहिले भने बाटो-घाटो सहज छन्, कृषि प्रणाली परिवर्तन भएर उत्पादन पनि बढेको छ' उनले थपे 'तर कर्णाली अझै पनि देशकै एक विकट क्षेत्र हो ।' उनले जुम्लाबाट कालिकोट जानु नै विदेशी मुलुक जानुजस्तै लाग्ने सुनाए । सानेका अनुसार 'सिटामोल' जनसेना समायोजनपछि उत्पन्न भएको आर्थिक तथा सामाजिक अवस्थाको चित्रण हो ।

जनयुद्धका बेला नेपालका शहरबाहेक अधिकांश गाउँका मानिसहरू विस्थापित थिए । कोही मानसिक रूपमा, कोही शारीरिक रूपमा, त कोही सामाजिक रूपमा समायोजनपछि स्थायित्व ल्याउन धेरैलाई समस्या भयो ।

*-रातोपाटी डटकम*

# आज अन्तर्राष्ट्रिय मानव बेचबिखन विरुद्ध दिवस




**पाल्पा,** साउन १३/अन्तर्राष्ट्रिय मानव बेचबिखनविरुद्धको दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी आज मनाईंदैछ । यो हरेक वर्ष ३० जुलाईका दिन मानव बेचबिखन उन्मूलन गर्न सचेतना जगाउने र त्यसका लागि विश्वव्यापी प्रतिबद्धतालाई सुदृढ गर्न मनाउने गरिएको हो ।

हरेक वर्ष आजको दिन संयुक्त राष्ट्र संघको आवहानमा मानव बेचबिखन विरुद्ध जनमानसमा सचेतना फैलाउन यो दिवस मनाउने गरिन्छ । पछिल्लो समय नेपालमा मानव बेचविखन तथा ओसारपसारका घटनाका स्वरुपहरु फरक-फरक ढंगले आइरहेको छ । आन्तरिक बेचविखन अन्तर्गत देश भित्रै विभिन्न बाहनामा प्रलोभन देखाइ शारिरीक तथा मानसिक शोषण गर्नुको साथै बढदो शहरीकरण, बजारमा भइरहेको शोषणमूलक श्रम सम्बन्धहरु तथा पर्याप्त र प्रभावकारी सुरक्षा प्रणालीका अभावका कारण मानव बेचविखन तथा ओसारपसारका घटनाहरु बढी रहेका छन । नेपालमा राज्यले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धि कानून कार्यान्वयनमा ल्याएको छ तर प्रभावकारी कार्यान्वयन हुन नसक्दा पीडकहरु सजिलै उम्कने र पीडितले न्याय पाउन नसक्ने अवस्थाको अन्त्य हुन सकेको छैन । मानव बेचबिखन एउटा यस्तो अपराध हो जसले महिला, बालबालिका र थुप्रै पुरुषहरुलाई समेत श्रम, यौन जस्ता गलत कार्यहरुमा जवर्जस्ती संलग्न गराउदछ । महिला वा बालिकालाई वेश्यावृत्तिमा लगाउने, यौनदासी बनाउने वा मनोरञ्जन उद्योगमा लगाउने जस्ता कार्यलाई मात्र मानव बेचविखन मान्ने परिभाषा निकै पुरानो भइसकेको छ । मानव बेचबिखनको प्रवृति फेरिँदै गएको छ । कुनै पनि व्यक्तिको इच्छाविपरीत धम्कीको प्रयोग, जबर्जस्ती तथा धोकाद्वारा कुनै प्रकारको शोषण, घरेलु काम, मानव अङ्ग झिक्ने, बेश्यावृति वा अन्य प्रकारका यौन शोषण गरिन्छ भने त्यो नै मानव बेचबिखन तथा ओसारपसार हो ।

संसार अहिले आधुनीकिकरणको युगमा छ, तरपनि अझ नेपालसहित विश्वका धेरै देशहरुमा मानव बेचबिखन तथा ओसारपसार विद्यमान छ । रोजगारीको अभाव तथा वैदेशिक रोजगार, गरिबी, शिक्षा र जनचेतनाको कमीको गलत फाइदा उठाउदै मानव बेचबिखन हुने गरेको छ ।

## खेलकुद समाचार


# श्रीलंकामा सनी सिंहलाई स्वर्ण



**काठमाडौं,** साउन १३/श्रीलंकामा आइतबार भएको दक्षिण एसियालीस्तरीय २५औं अन्तर्राष्ट्रिय फुल कन्ट्याक्ट लक्मल्स च्यालेञ्ज २०२५ मा नेपाल क्योकुशिन सेईसिन काईकान कराते संघबाट सहभागि नेपाली खेलाडी सनी सिंहले स्वर्ण पदक जितन सफल भएका छन् । प्रतियोगितामा श्रीलंकाका खेलाडीसँग दुई राउण्ड ड्र भएर तेस्रो पटकको भिडन्तमा नेपाली खेलाडीले स्वर्ण पदक, ट्रफी तथा एक लाख नगद पुरस्कार हात पार्न सफल भएका छन् । नेपाल क्योकुशिन सेईसिन काईकान कराते संघका अध्यक्ष तथा नेपाल प्रमुख शिहान अशोक कुमार श्रेष्ठको नेतृत्वमा नेपालका खेलाडी सहभागी भएको उक्त प्रतियोगिताको अफिसियलमा प्रशिक्षक रामशरण राणा, प्रशिक्षक सम्पूर्ण महर्जन तथा खेलाडी शनी सिंहले सहभागिता जनाएका थिए । प्रतियोगिताको प्रमुख अतिथिमा वर्ल्ड कुमिट फेडेरेशनका उपाध्यक्ष तथा वर्ल्ड ब्याकुरेल काइकन कराते अर्गनाइजेसनका अध्यक्ष कान्चो सोशी सुगिहारा रहेका थिए । यो प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश तथा श्रीलंकाका खेलाडीहरुले सहभागिता जनाएका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# बढ्यो नेप्से, साढे १८ अर्ब रुपैयाँको कारोबार



पाल्पा, साउन १३/साताको तेस्रो कारोबार दिन मंगलबार नेप्से परिसूचक दोहोरो अंकले बढको छ । नेप्से परिसूचक ३० दशमलव ७६ अंकले बढेको हो ।

एक दशमलव शून्य ३ प्रतिशतले बढेर नेप्से ३ हजार २ दशमलव ०७ विन्दुमा उक्लिएको छ । आइतबार १८ दशमलव ४४ अंकले घटेको नेप्से सोमबार ७ अंकले बढेको थियो । कुल ७६ कम्पनीको सेयर मूल्य बढ्यो भने ७४ कम्पनीको मूल्य घट्यो । कुल १ लाख ५७ हजार ५ सय २५ पटकको किनबेचबाट १८ अर्ब ५२ करोड ९३ लाख रुपैयाँको सेयर कारोबार भएको छ । मंगलबार ४ करोड १८ लाख ८ हजार ९६६ कित्ता सेयर किनबेच भयो । मुक्तिनाथ कृषि कम्पनी, ट्रेड टावर र सान्भी इनर्जीको सेयर मूल्य १० प्रतिशतले बढेपछि सर्किट ब्रेक लाग्यो । विकास बैंक, फाइनान्स र व्यापार उपसमूह घट्यो । बाँकी सबै उपसमूहहरू घट्यो । यसदिन ३ सय २१ स्क्रिप्सको ४ करोड १८ लाख ८ हजार ९ सय ६६ कित्ता सेयर १८ अर्ब ५२ करोड ९३ लाख २२ हजार ८ सय ८५ रुपैयाँमा खरिदबिक्री भए । सोमबार १९ अर्ब माथिको सेयर कारोबार भएको थियो । यसदिन चार कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । मुक्तिनाथ कृषि कम्पनी,ट्रेड टावर,सान्भी इनर्जी र नाडेप लघुवित्त वित्तीय संस्थाको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । नेपाल वयरहाउजिङको सेयर ८ दशमलव ०६ प्रतिशतले बढ्यो । यसदिन समता घरेलु लघुवित्त वित्तीय संस्थाका लगानीकर्ताले भने गुमाए । सो कम्पनीको सेयर ८ दशमलव ६० प्रतिशतले घट्यो । ६४ करोडको सेयर कारोबार गरी हिमालयन डिस्टिलरी शीर्षस्थानमा रह्यो । यसैगरी ग्रीन भेन्चर्सले ६३ करोडको सेयर कारोबार गर्दा नेपाल रिइन्स्योरेन्सको ५६ करोड,हिमालयन रिइन्स्योरेन्सको ५२ करोड र राधी विद्युतको ४९ करोड बराबरको सेयर कारोबार भयो । कारोबारमा आएकामध्ये १७६ वटा स्टक्सको मूल्य बढ्दा ७४ वटाको घट्यो । १० वटा समूहको उपसूचक बढ्दा तीनवटाको घट्यो । अर्दश समूहको उपसूचक सर्वाधिक २ दशमलव ५८ प्रतिशतले बढ्यो ।

# आज अन्तर्राष्ट्रिय मित्रता दिवस मनाइँदै




**पाल्पा,** साउन १३/आज अन्तर्राष्ट्रिय मित्रता दिवस विश्वभरी मनाइँदै छ । संयुक्त राष्ट्र संघले ३० जुलाईलाई अन्तर्राष्ट्रिय मित्रता दिवसको रूपमा आधिकारिक रूपमा मान्यता दिएको थियो । सोही अनुरुप हरेक वर्ष यो दिवस मनाउने गरिएको हो ।

आफ्ना हितैषी मित्रहरुसँग एक आपसमा उपहार र शुभकामना आदान-प्रदान गरी मनाउने प्रचलन छ । मित्र र मित्रताप्रति समर्पित हुने यो दिवस अमेरिकामा सन् १९३५ देखि मनाउन शुरु गरिएको हो तर अहिले आएर यो विश्वभरि नै मनाउने गरिन्छ । यो दिवसलाई संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय मित्रता दिवसको रुपमा मान्यता दिईसकेको छ । पछिल्लो केहि बर्ष यता नेपालमा पनि साथीभाईसँग भेटघाट तथा शुभकामना आदान-प्रदान गर्दै यो दिवस मनाउने क्रम बढ्दै गएको छ । अहिलेको व्यस्त जीवनमा मानसिक तनाव र समस्याबाट छुटकारा पाउन मित्रतारुप औषधिले शान्ति प्रदान गर्दछ । यस कारण संसारमा सायदै यस्तो होला जसको कोहि मित्र नहोस् र कहिले मित्रता नगरेको होस् यो दिवसको प्रमुख उद्देश्य भनेको पनि साथीहरुसँग सम्बन्ध मजबुद बनाउनु र मानसिक तनावबाट छुटकारा पाउनु हो । मित्रता दिवस अर्थात् फ्रेन्डशिप डे हलमार्क कार्डसका संस्थापक जोयस हलले शुरू गरेका हुन् । उनले नै पहिलो पटक सन् १९३० को अगस्ट २ मा फ्रेन्डशिप डे मनाउने आइडिया निकालेका थिए, तर ग्रीटिङ कार्डस इन्डष्ट्रीले व्यापारिक फाइदाका लागि यो अवधारणा ल्याएको भनेर आलोचना पनि गरिएको थियो । वर्ल्ड फ्रेन्डशिप क्रुसेड नामक संस्थाले त्यही मितिमा फ्रेन्डशिप डे मनाउने प्रस्ताव गरेको थियो । वर्ल्ड फ्रेन्डशिप क्रुसेड एक विश्वव्यापी नागरिक संगठन हो र यसले मित्रताका माध्यमले संसारमा शान्तिको वकालत गर्ने गरेको छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् २०११ मा ३० जुलाईलाई फ्रेन्डशिप डेका रूपमा मनाइने घोषणा गरेको थियो । त्यसपछि फ्रेन्डशिप डेलाई आधिकारिक मान्यता दिइयो । दुरीका हिसावले टाढा रहेका र साथीको सम्झनामा यो दिवस अत्यन्त महत्वपूर्ण हुन्छ । नेपालमा युवापुस्ताले यो दिवसलाई आफ्नो साथीहरुसँगको सम्बन्ध अझै प्रगाढ बनाउनको लागि यो दिवस मनाउने गर्छन् । यो दिवसमा विशेषगरी मित्रताको प्रतिक स्वरुप साथीहरुको नाडीमा फ्रेन्डसिप ब्याड बाँधिदिने चलन रहेको छ । त्यसैगरि 'फ्रेन्डसिप डे'को अवसरमा साथीहरु जमघट भएर पार्टी गर्ने, उपहार आदानप्रदान गर्ने पनि गरिन्छ ।

हार्दिक शुभकामना

पाल्पाबाट निरन्तर प्रकाशित नवजनचेतना राष्ट्रिय दैनिकको ३१ औं वार्षिकोत्सवको अवसरमा यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं । यस संस्थाले नाम जस्तै आगामी दिनमा पनि अझ अटल रहेर काम गर्नेछ भन्ने विश्वास छ । वार्षिकोत्सवको अवसरमा यसका प्रकाश, सम्पादक, संवाददाता, कर्मचारी, विज्ञापनदाता लगायत यस सँग जोडिनुभएका सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

लिला बहादुर कार्की
कार्यकारी निर्देशक
एवम्

ग्रामीण आर्थिक विकास संघ (रेडा) परिवार
तानसेन, पाल्पा

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४५४, ५२१४५६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई